यो आकाशवाणी गान्तोक हो

**PM Mann ki Bat**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट मन की बात कार्यक्रममा  देश-विदेशका श्रोताहरूसित आफ्नो विचार साझा गर्नुभयो। यो मासिक रेडियो कार्यक्रमको **120**औं शृङ्खला थियो।

यस अवसरमा प्रधानमन्त्रीले वस्त्र अपशिष्ट अर्थात् टेक्सटाइल वेस्टको चुनौती सम्पूर्ण विश्वका लागि नयाँ चिन्ताको विषय बन्न पुगेको बताउनु भयो। उहाँले पुरानो कपडा छोडेर नयाँ कपडा किन्ने प्रचलन बढेको बताउँदै यस चुनौतीको सामना गर्न देशमा गरिएका कतिपय कार्यको प्रशंसा गर्नुभयो।

प्रधानमन्त्रीले गर्मीको समय जल सञ्चयको महत्व र यसका लागि गरिएका प्रयासहरूमाथि पनि चर्चा गर्नुभयो। यसमा उहाँले क्याच द रेन अभियानको विशेष उल्लेख गर्नुभयो।

श्री मोदीले विद्यार्थीहरूलाई ग्रीष्मलकालीन छुट्टीको समयलाई सकारात्मक कार्यमा प्रयोग गर्न पनि सल्लाह दिनुभयो।

**Youth Parliament**

राज्यका युवाहरूलाई सकारात्मक सोच लिएर राज्य र राष्ट्रको निम्ति काम गर्न सिक्किम विधानसभाकी उपाध्यक्ष श्रीमती राजकुमारी थापाले आह्वान गर्नुभएको छ।

आज सिक्किम विधानसभा भवनको सभाकक्षमा आयोजित राज्यस्तरीय विकसित भारत युवा संसद 2025-को उद्घाटन गरेपछि उपाध्यक्ष श्रीमती थापाले भन्नुभयो, युवाहरूमा राष्ट्र र समाजका लागि केही गर्ने सपना र जुनुन हुनुपर्छ।

राज्यस्तरीय विकसित भारत युवा संसद 2025 को आयोजना भारत सरकारको खेलकूद तथा युवा मामिला मन्त्रालयको सहकार्यमा नेहरू युवा केन्द्र संगठन अनि राष्ट्रिय सेवा योजना अनि माई भारतले गरेका थिए। प्रतियोगितामा राज्यका विभिन्न शैक्षिक संस्थानबाट युवा विद्यार्थीहरूले सहभागिता जनाएका थिए जसमा सुश्री स्तुति प्रधान पहिलो, सुश्री केजिया छेत्री दोस्रो अनि सुश्री स्मर्ना लेप्चा तेस्रो हुनुभयो। तीनै जना विजेताले राष्ट्रिय स्तरको युवा संसदमा सिक्किमको प्रतिनिधित्व गर्नुहुनेछ, जो 1 देखि 3 अप्रेलमा भारतीय संसदको केन्द्रीय हलमा सम्पन्न हुनेछ।

**Cleanness Drive**

पानी पर्न अघि आफ्नो झोडा नाला सफा गरौं (Clean your drain before the rain) –को नारासहित शुरु भएको महिनाव्यापी व्यापक स्वच्छता अभियानको आज राज्यका शहरी विकास मन्त्री श्री भोजराज राईले शुभारम्भ गर्नुभयो। राजधानी गान्तोकको भानुपथदेखि मन्त्री श्री राईले झोडा नालाहरूको सफाई अभियानमा सहभागी बन्दै अभियानको विधिवत उद्घाटन गर्नुभएको हो।

यस अघि, मन्त्री श्री राईले बुडको कम्पनीद्वारा प्रायोजित चारवटा फोहोर बोक्ने वाहनलाई झण्डी देखाएर सञ्चालन आरम्भ गर्नुभएको थियो।

सफाई अभियानमा सिक्किम सरकारका मन्त्रीगण श्री अरूण उप्रेती, श्री जीटी ढुङ्गेल, श्री एनबी दाहाल अनि विधायक श्री दिले नामग्याल बर्फुङपा, श्री तेन्जिङ नर्बू लाम्था, श्रीमती कला राई, गान्तोक नगरनिगमका मेयर श्री नीलबहादुर छेत्री, शहरी विकास विकासका सचिवलगायत अन्यको सहभागिता रहेको थियो।

उपस्थित सबैले झोडा र नालाहरूको व्यापक सफाई गरेका थिए। पछि सञ्चारकर्मीहरूसित कुरा गर्दै मन्त्री श्री भोजराज राईले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको परिकल्पनामा यो व्यापक अभियानको  शुभारम्भ गरिएको जानकारी दिँदै आगामी मनसुन सत्र भन्दा अघि नै नाला एवं झोडाहरूको सफाई कार्यमा सहभागी बन्न सबैलाई आह्वान गर्नुभयो।

**Book Release**

सिक्किम अकादेमीको आर्ट ग्यालेरीमा आज सम्पन्न एक साहित्यिक कार्यक्रममा बहुमुखी प्रतिभाका धनी वास्तुकार श्री किरण रसाइलीको सम्मान गर्दै किरण रसाइली अभिनन्दन ग्रन्थ अनि प्रख्यात साहित्यकार स्वर्गीय विणाश्री खरेलको सम्मानमा वीणाश्री खरेल स्मृति ग्रन्थ लोकार्पण भयो।

**Archery**

खेलकुदका क्षेत्रमा महिलाहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले राज्यको खेलकूद तथा युवा मामिला विभागले खेलो इन्डियासित मिलेर गेजिङको क्योङ्सा खेल मैदानमा आयोजना गरेको अस्मिता अन्तर्गत आर्चेरी प्रतियोगिताको आज समापन भएको छ।

**Namchi Sports**

अर्कोतिर, खेलकुद तथा युवा मामिला विभागले आयोजना गरेको नाम्ची जिल्ला स्तरीय खेलकुद प्रतियोगिता आज सम्पन्न भयो। सिक्किम राज्य स्थापनाको स्वर्ण जयन्तीको अवसरमा 22 मार्चदेखि आयोजित प्रतियोगितामा ताइक्वान्डो, ब्याडमिन्टन, टेबल टेनिस र बक्सिङ खेल सम्पन्न भएका थिए।